# पाटन नगरपालिका

# राजपत्र


बैतडी जिल्ला, प्रदेश नं. ७, नेपाल

पाटन नगरकार्यपालिकाद्धारा प्रकाशित

भाग ४ बर्ष १ अंक ४ २०७४ माघ २ गते, मगंलबार


**नक्सा पास सम्बन्धी विशेष सूचना**

नगरकार्यपालिकाबाट मिति २०७४।१०।०२ मा स्वीकृत भएको नक्सा पास सम्बन्धी विशेष सूचना स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

# पाटन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ७ नं. प्रदेश
## पाटन, बैतडी

मिति २०७४-१०-०२

**बिषयः नक्सा पास सम्बन्धी विशेष सूचना**

**श्रीः जो जससँग सम्बन्धीत छ,**

पाटन नगरपालिका कार्यपालिकाको मिति २०७४।१०।०२ गतेको बैठकको निर्णय अनुसार पाटन नगरपालिका क्षेत्र भित्र निर्माण गरिने सम्पूर्ण सरकारी, गैर सरकारी तथा नीजि भवनहरु स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नक्सा पास गरी निर्माण अनुमति लिएर मात्रै भवन निर्माण कार्य गर्न हुन नगरवासी सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ, साथै नक्सा पास नगराई निर्माण सम्पन्न भई सकेका भवनहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ४२ बमोजिम नक्सा पासको प्रकृयामा आउन यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण साथ दरखास्त पेश गर्नका लागि यसै सूचना मार्फत सम्बन्धित सरोकारवालाहरु सबैमा जानकारी गरिन्छ ।

आज्ञाले

रविन अधिकारी

प्रमुख प्रशासकीय अधिकृत